
# प्रदेश आर्थिक बुलेटिन

वर्ष,१ अंक २ भदौ, २०८२



## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व.२०८२/८३ को भदौ महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को भदौ महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलन लक्ष्यमा १.६१ प्रतिशतले कमी आएको छ भने खर्च समेत घटेको छ। नेपाल सरकारबाट प्रदेशलाई प्राप्त हुने अनुदान र राजस्वमा केही बृद्धि भए सँगै प्रदेशको समग्र आयमा गत वर्ष भदौसम्मको तुलनामा केही बृद्धि भएको छ।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

## प्रदेश सरकारको आम्दानीः

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को भदौ महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु ५ करोड ४७ लाख ९५ हजारले कम प्राप्त भएको छ भने संघबाट प्राप्त अनुदानमा रु २० करोड ५३ लाख ४६ हजार र संघबाट प्राप्त हुने राजश्वमा रु ५ करोड १८ लाख ९० हजारले वृद्धि भएर जम्मा आम्दानी रु २० करोड २४ लाख ४१ हजारले वृद्धी भएको छ।

**तालिका १: दुई आ.व. को भदौ महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीक आम्दानी | ५१७.०० | ३४.५८ | ५७३.४४ | २९.१० |
| संधबाट प्राप्त अनुदान | १३०८.३६ | २४०.०५ | १२२३.३६ | २६०.५८ |
| संधबाट प्राप्त रोयल्टी | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| संधबाट प्राप्त राजश्व | ९६१.१२ | ६४.३३ | ९७९.२९ | ६९.५२ |
| आन्तरीक ऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २९३.२८ | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा | ३२९७.८६ | ३३८.९६ | ३१९८.०० | ३५९.२० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा लक्ष बमोजिमको रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा भदौ महिनासम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केही रकम बढी हुन गएको छ। आर्थिक वर्षको सुरुवात सँगै यस महिनामा भएको जेनजी आन्दोलनले प्रदेश सरकारका भौतिक सम्पतिमा पुर्याएको क्षतिले सरकारको काम कारवाही प्रभावित भएको थियो। आन्दोलन पश्चात सरकार मातहतका केहि समय मन्त्रालय, निकाय र कार्यालयहरु महिनाको अन्त्य सम्म पूर्ण तथा आंशिक रुपमा बन्द भएका थिए जसको कारण प्रदेश सरकारले सोचे जस्तो वित्तीय प्रगति भने भएको छैन।

२. आर्थिक वर्ष २०८२/८३ को भदौ महिनासम्म जम्मा चालू तर्फ रु ३३ करोड ४० लाख २२ हजार, पूँजीगत तर्फ रु ५५ करोड ८० लाख २० हजार र स्थानीय तह तर्फ जम्मा रु ३ करोड ७२ लाख २० हजार गरी जम्मा रु ९२ करोड ९२ लाख ६३ हजार मात्र वित्तीय प्रगति भएको छ सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति सँग तुलना गर्दा रु २८ करोड ९० लाख ९२ हजार ले कमि हुन आउछ।

३. गत आर्थिक वर्षको भदौ सम्ममा जम्मा विनियोजनको ३.६९ प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा २.९० प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः २ तिन आर्थिक वर्षको खर्चको विवरण रु हजारमा

| महिनाको | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | | २०८१/८२ | | | | २०८२/८३ | | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | स्थानीय तह |
| श्रावण | २४४८.५० | २६०१३.८४ | ०.०० | ०.०० | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० |
| भाद्र | २६२८४८.५६ | ७६२८३७.२७ | ०.०० | १५९७७२.५० | ३०४९१०.६८ | ५७८६८९.८७ | ०.०० | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | ०.०० | ३७२२०.२५ |
| जम्मा खर्च | १४९८४०८.१३ | २१३२७२५.२७ | ०.०० | ८०४३६३.६३ | ३१८५३८.७६ | ६२८४८१.७० | ०.०० | २७१३३६.२५ | ३३४०२२.८० | ५५८०२०.८१ | ०.०० | ३७२२०.२५ |
| विनियोजन | १०६३१२३८.०० | २०१९०४६२.०० | ५००००००.०० | २१०५५००.०० | १११५००६०.०० | १९५१७९९३.०० | ३००००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५०००००.०० | २००१०५९.०० |
| खर्च प्रतिशत | १४.०९ | १०.५६ | ०.०० | ३८.२० | २.८६ | ३.२२ | ०.०० | १३.५० | ३.१४ | २.९२ | ०.०० | १.८६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. तिन आर्थिक वर्षको विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु तर्फ २०८२/८३ मा, पूँजीगत तर्फ २०८०/८१ मा र स्थानीय तह तर्फ आर्थिक वर्ष २०८१/८२ बढी खर्च भएको देखिन्छ।

